☎०२३-५९७००६

# गौरादह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गौरादह, झापा
कोशी प्रदेश, नेपाल

प.स.-०८२/८३
च.न.-

**अव्यवस्थित बसोबासीका हकमा वड़ा तहबाट प्रमाणिकरण तथा सिफारिस भै गौरादह नगरस्तरिय भूमि सहजिकरण समितिमा प्राप्त विवरण सार्वजनिक प्रयोजनार्थ ७(सात) दिने सार्वजनिक सूचना प्रकाशन सम्बन्धि सूचना।**

**(प्रकाशन मिति-२०८२/०९/२५)**

प्रस्तुत बिषयमा भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धि कार्यविधि,२०८१ को अनुसूची ७(क) (दफा ९ उपदफा(३) खण्ड(च) तथा दफा ११ को उपदफा(२) को प्रयोजनका लागि) बमोजिम यस नगरपालिकाको वडा नं. २,३,७,८ र ९ मा सूचना प्रकाशन भै वडा नं. २,३,७,८ र ९ बाट प्रमाणिकरण तथा सिफारिस भै आएका अव्यवस्थित बसोबासीहरुले सरकारी, ऐलानी, पर्ति वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि आवादीमा परिणत भएको जग्गामा कम्तिमा १० वर्ष देखि आवाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका र २०७६ माघ २८ पछि आफु र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारले कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको भनि आफुलाई अव्यबस्थित बसोबासीको रूपमा दाबि गरि आफुले आवाद कमोत गर्दै आइरहेको जग्गा पाउन वडा तह मार्फत प्रमाणिकरण तथा सिफारिस भै गौरादह नगरस्तरिय भूमि सहजिकरण समितिमा विवरण प्राप्त भएको हुँदा वडातह बाट प्रमाणिकरण तथा सिफारिस भै आएका निवेदनका सम्बन्धमा कुनै उजुर बाजुर वा दाबी बिरोध भए जोसुकैले ७ (सात) दिन भित्र नगरमा प्रमाण सहित निबेदन दर्ता गराउनु हुन वा उजुर गर्न जानकारी गरिन्छ ।

(पुनश्चः वडाबाट सिफारिस तथा प्रमाणिकरण भएका/नभएका विवरण यसै साथ संलग्न छ।)

------------------

पर्शुराम भट्टराई
नि.प्रमुख प्रशासकीय अधिकृत

**पर्शुराम भट्टराई**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

# गौरादह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

०२३-५९७००६

प.स.-०८२/८३
च.न.-

गौरादह, झापा
कोशी प्रदेश, नेपाल


**भुमिहिन दलित/भुमिहिन सुकुम्बासीका हकमा वडा तहबाट प्रमाणिकरण तथा सिफारिस भै गौरादह नगरस्तरिय भूमि सहजिकरण समितिमा प्राप्त विवरण सार्वजनिक प्रयोजनार्थ ७(सात) दिने सार्वजनिक सूचना प्रकाशन सम्बन्धि सूचना।**

**(प्रकाशन मिति-२०८२/०९/२५)**

प्रस्तुत बिषयमा भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धि कार्यविधि,२०८१ को अनुसूची ७ (दफा ९ उपदफा(३) खण्ड(च) तथा दफा ११ को उपदफा(२) को प्रयोजनका लागि) बमोजिम यस नगरपालिकाको वडा नं. २,३,७,८ र ९ मा सूचना प्रकाशन भै वडा नं. २,३,७,८ र ९ बाट प्रमाणिकरण तथा सिफारिस भै आएका भूमिहिन दलित/भूमिहिन सुकुम्बासीले आफ्नो र आफ्नो परिवारका सदस्यको स्वामित्वमा नेपाल राज्यभित्र जग्गा जमिन नभएको र परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रवन्ध गर्न असमर्थ भएको, विगतमा आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारको कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा मिति २०७६ माघ २८ पछि आफ्नो वा परिवारका कुनै सदस्यको नाममा रहेको जग्गा बिक्रि वा हक हस्तान्तरण नगरेको भनी आफूलाई भूमिहीन दलित/भूमिहीन सकुम्बासी दाबी गरी जग्गा आबाद कमोत गर्दै आएको स्थानमा वा अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी निःशुल्क जग्गा पाउन वडा तह मार्फत सिफारिस प्रमाणिकरण भै नगरस्तरिय भूमि सहजिकरण समितिमा विवरण प्राप्त भएको हुँदा वडातहबाट प्रमाणिकरण तथा सिफारिस भै आएका निवेदनका सम्बन्धमा कुनै उजुर बाजुर वा दाबी बिरोध भए जोसुकैले ७(सात) दिनभित्र नगरमा प्रमाणसहित निवेदन दर्ता गराउनु हुन वा उजुर गर्न जानकारी गराइन्छ।

(पुनश्चः वडाबाट सिफारिस तथा प्रमाणिकरण भएका/नभएका विवरण यसै साथ संलग्न छ।)

पर्शुराम भट्टराई
नि.प्रमुख प्रशासकीय अधिकृत

पर्शुराम भट्टराई
नि. प्रमुख प्रशासकीय अधिकृत


Website: https://gauradahamun.gov.np Email:info@gauradahamun.gov.np